आठराई गाउँपालिका

# आठराई राजपत्र

आठराई गाउँपालिकाबाट प्रकाशित

खण्ड:५) संक्रान्तिबजार,तेह्रथुम, आषाढ ३० गते,२०८० साल(संख्या:६)

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति:२०७९।०७।०२

## भाग २

## आठराई गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,संक्रान्तिबजार,तेह्रथुम

### मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधी-२०७९

मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधी-२०७९

**प्रस्तावना -** आठराई गाउँपालिका भित्र स्थायी बसोबास गर्ने आर्थिक रुपमा विपन्न नागरिकहरुको परिवारका सदस्यको मृत्यु भई निजको धार्मिक सामाजिक तथा साँस्कृतिक परम्परागत मृत्यु संस्कार गर्नका लागि आठराई गाउँपालिकाले समवेदना पत्र तथा काजकृया खर्च उपलब्ध गराउन स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरी आठराई गाउँपालिकाले यो कार्यविधी तर्जुमा गरी जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ -** (क) यो कार्यविधीको नाम "मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण सम्बन्धी कार्यविधी-२०७९" रहेको छ ।

(ख) यो कार्यविधी आठराई गाउँपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ । कार्यविधी स्वीकृत हुनुभन्दा अघी भएका काम कारवाहीहरु यसै कार्यविधी बमोजिम भए गरेको मानिने छ।

**२. परिभाषा -** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा -

(क) "मृतक" भन्नाले आठराई गाउँपालिका भित्र स्थायी रुपमा बसोबास गर्दै आएका मृतक व्यक्तिलाई सम्झनुपर्दछ।

(ख) "मृतकको परिवार" भन्नाले मृतक व्यक्तिको पति पत्नी, आमा बुवा, बाजे बज्यै, छोराछोरी, सासु ससुरा समेतलाई सम्झनु पर्दछ।

(ग) "गाउँपालिका" भन्नाले आठराई गाउँपालिकालाई सम्झनु पर्दछ।

(घ) "समवेदना" भन्नाले मृतका परिवारलाई गाउँपालिकाबाट प्रदान हुने समवेदना पत्रलाई सम्झनु पर्दछ।

(ङ) "काजकृया खर्च" भन्नाले मृतकको धार्मिक परम्परा अनुसार गरिने काजकृयामा गाउँपालिकाबाट वितरण हुने रकमलाई सम्झनु पर्दछ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिमका सदस्यहरु रहेको समितिलाई सम्झनु पर्दछ।

(छ) "वडा कार्यालय" भन्नाले आठराई गाउँपालिका भित्रका ७ वटै वडाहरुलाई सम्झनु पर्दछ।

(ज) "सिफारिस" भन्नाले वडा कार्यालयबाट जारी हुने मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित समेतको सिफारिसलाई सम्झनु पर्दछ।

(झ) "प्रशासन" भन्नाले आठराई गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासन महाशाखा/ शाखालाई सम्झनु पर्दछ।

(ञ) "पञ्जिकरण" भन्नाले आठराई गाउँपालिका गाउँ कार्यपालिकाको पञ्जिकरण शाखालाई सम्झनु पर्दछ।

(ट) "कार्यपालिका" भन्नाले आठराई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ठ) "अध्यक्ष" भन्नाले आठराई गाउँपालिकाका अध्यक्षलाई सम्झनु पर्दछ।

(ड) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठराई गाउँपालिका गाउँ कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

**३. समिति -** (१) मृतकको परिवारलाई समवेदना तथा काजकृया खर्च वितरण गर्न आठराई गाउँ कार्यपालिकामा देहाय बमोजिमको समिति हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
(ग) सामाजिक विकास समिति संयोजक - सदस्य
(घ) गाउँ कार्यपालिका सदस्य मध्येबाट गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिका (महिला १/ दलित १) - सदस्य
(ङ) पञ्जिकरण शाखा प्रमुख - सदस्य
(च) सामान्य प्रशासन महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठक भत्ता प्रचलित कानूनले निर्धारण गरे बमोजिम हुनेछ।

(३) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र बैठक सम्बन्धी कार्यविधी समितिले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम कर्तव्य र अधिकार** - (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) मृतकको परिवारलाई प्रदान गर्ने समवेदना तयार पार्नु तथा प्रदान गर्नु।
(ख) मृतकको परिवारबाट अनुसूची १ को ढाँचामा उल्लेखित निवेदन साथ संलग्न कागजात प्राप्त गर्नु।
(ग) मृतकको परिवारलाई काजकृया खर्च उपलब्ध गराउन कार्यपालिका समक्ष सिफारिस गर्नु।
(घ) मृतकको परिवारलाई वितरण गरिएको समवेदना तथा काजकृया खर्चको विवरण अध्यावधिक गरी कार्यपालिका समक्ष आर्थिक वर्षको अन्त्यमा पेश गर्ने।

**५. समवेदना र काजकृया खर्च वितरण सम्बन्धी व्यवस्था** -

(क) मृतकको परिवारका सदस्यलाई १ (एक) समवेदना पत्र वितरण गरिनेछ।
(ख) मृतकको परिवारका सदस्यलाई काजकृया खर्च वापत रु १०,०००/- (अक्षरेपी रुपैयाँ दश हजार मात्र) एकमुष्ठ रुपमा उपलब्ध गराउनेछ।

**६. खारेजी र बचाउ** - यो कार्यविधी आवश्यकता अनुसार गाउँ कार्यपालिकाले खारेजी वा संशोधन र परिमार्जन गर्न सक्नेछ।

**७. निवेदनको ढाँचा** - मृतक परिवारका सदस्यले काजकृया खर्च वापतको रकम भुक्तानी माग गर्दा अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

अनुसूची -१

(दफा ७ सँग सम्बन्धीत)

मिति .....................

श्रीमान् अध्यक्षज्यू,

आठराई गाउँपालिका, तेह्रथुम ।

**विषय - काजकृया खर्च वापतको रकम उपलब्ध गराइदिनुहुन ।**

महोदय,

प्रस्तुत विषयमा आठराई गाउँपालिका वडा नं......... बस्ने ........................................................ को नाती/नातिनी ........................................................ को छोरा/छोरी/.......................... म निवेदकको .................. नाता पर्ने ................................................................ को मिति .................................... मा मृत्यु भइ हाम्रो धार्मिक परम्परा अनुसार काजकृया कर्म समेत सम्पन्न भएको हुँदा गाउँपालिकाबाट मृतक परिवारका सदस्यलाई प्रदान गर्ने काजकृया खर्च रकम उपलब्ध गराइदिनुहुन यसै निवेदन पत्रसाथ देहाय बमोजिमका कागजात संलग्न गरी सादर निवेदन गर्दछु ।

(क) मृत्यु दर्ता प्रमाण पत्रको प्रतिलिपी १ थान ।

(ख) वडा कार्यालयको काजकृया खर्च उपलब्ध गराउने सिफारिस १ थान ।

(ग) मृतकसँगको नाता प्रमाणित सिफारिस १ थान ।

(घ) निवेदकको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी १ थान ।

निवेदकको

नाम थर ..............................................

दस्तखत ..............................................

स्थायी ठेगाना - आठराई गाउँपालिका वडा नं. ......

सम्पर्क नं.

आज्ञाले,

शत्रुधन साह

निमित्त प्रमुख प्रशासकीय अधिकृत